मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १९ गते बिहीबार ❑ 2 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## एसइई परीक्षा बिहीबारदेखि सुरु हुँदै, सबै तयारी पूरा

**रासस**
काठमाडौं, १८ चैत

यसवर्षको माध्यमिक शिक्षा (एसइई) परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ । राष्ट्रिय परीक्षा बोर्डले १९ गते बिहीबारदेखि जापानको एक परीक्षा केन्द्रसहित देशभरका एक हजार ९६६ परीक्षा केन्द्रमा बिहान ८ बजेदेखि एकैसाथ सुरु गर्नेगरी एसइई परीक्षाको तयारी पूरा भएको कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "परीक्षाको सबै तयारी पूरा गरेका छौँ, हिजो मात्रै सबै जिल्ला परीक्षा समन्वय समितिका प्रमुखहरूसँग जुम बैठक सम्पन्न गर्‍यौँ, सबै जिल्लामा सहज र शान्तिपूर्ण रूपमा परीक्षा हुनेमा ढुक्क छौँ, विद्यार्थीलाई ढुक्क भएर परीक्षामा सहभागी हुन आह्वान गर्दछौँ ।" चैत २९ गते सम्पन्न हुने एसइई परीक्षामा यसवर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थीले र जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने उहाँले जानकारी दिनुभयो । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् भने परीक्षा दिने छन् । परीक्षा दिनेमा दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षार्थी रहेका छन् ।

उहाँका अनुसार परीक्षामा सात प्रदेशमध्ये कोशी प्रदेशबाट ८२ हजार ४८७ जना, मधेस प्रदेशबाट ९० हजार २४३ जना, बागमती प्रदेशबाट एक लाख नौ हजार ५१३ जना, गण्डकी प्रदेशबाट ४३ हजार ९७२ जना, लुम्बिनी प्रदेशबाट ९१ हजार ८०२ जना, कर्णाली प्रदेशबाट ३९ हजार ७६९ जना र सुदूरपश्चिमबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षा नियन्त्रक अधिकारीका अनुसार भोलि परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ एवं २९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुनेछन् । बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घसङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो ।

पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै परीक्षा नियन्त्रक अधिकारीले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था गरिएको जानकारी दिनुभयो । परीक्षाका लागि सातै प्रदेशमा फरक प्रश्न पत्र छपाइ गरी प्रश्नपत्र सबै जिल्लामा पुगेको जानकारी दिँदै उहाँले परीक्षामा सोधिने प्रश्न छ वटै अनिवार्य विषयका प्रदेशअनुसार फरकफरक प्रश्नपत्र छापिएको र यदि कतै प्रश्नपत्र बाहिरियो भने सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्द गरी पुनःप्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताका आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन् । यद्यपि प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, १०० परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जानकारी दिएको छ । परीक्षा नियन्त्रक अधिकारीका अनुसार बालसुधार गृहका परीक्षार्थीलाई नजिकैको परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था गरिएको छ । विशेष क्षमता तथा अपाङ्गता भएका विद्यार्थीका हकमा अपाङ्गताको प्रकृतिअनुसार अतिरिक्त समय र लेखन सहयोगीको व्यवस्था गरिएको छ । तीन घण्टाको परीक्षामा अतिरिक्त समय आवश्यक पर्ने अपाङ्गता भएकालाई थप एक घण्टा ३० मिनेट समय दिइनेछ । लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीलाई उपलब्ध गराइने व्यवस्था गरिएको छ । एक महिनामा नतिजा प्रकाशन गरिने

प्रधानमन्त्री बालेन्द्र शाहको १५ दिनभित्र परीक्षाफल प्रकाशित गर्न बोर्डलाई निर्देशन दिनुभएपछि बोर्डले एक महिनामै नतिजा सार्वजनिक गर्ने भएको छ । बोर्डले व्यस्त कार्यतालिका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशसभाबाट जनस्वास्थ्य विधेयक पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत

गण्डकी प्रदेशसभाको मङ्गलबारब बसेको बैठकले गण्डकी प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत पारित गरेको छ ।

विसं २०८१ चैत २२ गते दफाबार छलफलका लागि सामाजिक विकास तथा कृषि समितिमा पठाइएको उक्त विधेयक प्रतिवेदनसहित प्रदेशसभामा प्रस्तुत गरिएको थियो । प्रदेशसभामा दफाबार छलफल भएपछि विधेयक पारित भएको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो । त्यसअघि उहाँले उक्त विधेयक पारितका लागि प्रदेशसभामा प्रस्तुत गर्नुभएको थियो । विधेयकमाथिको छलफलमा प्रदेशभा सदस्य दिलमाया पौवी, कुसुम बुढा पुन, देवका पहाडी त्रिपाठीलगायतले भाग लिनुभएको थियो । बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारको समयको अभावका कारण यस हिउँदे अधिवेशनमा नयाँ विधेयक ल्याउन नसकिएको बताउनुभयो । उहाँले सुशासन, पारिदर्शिता, भ्रष्टचार नियन्त्रण र मितव्ययीता कायम गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारको अधिकार स्थापित गर्न सबै पक्षबीच ऐक्यबद्धताको खाँचो रहेको धारणा राख्नुभयो ।

बैठकको शुन्य समयमा प्रदेशसभा सदस्य कल्पना तिवारी, डिल्लीराम सुवेदी, फणिन्द्र देवकोटा, भक्तबहादुर कुँवर, लिलबहादुर थापामगर र श्यामराजा महतले समसामयिक विषयमा आफ्ना भनाइ राख्नुभएको थियो ।

## गण्डकी प्रदेशमा ४३ हजार बढी विद्यार्थी एसइईमा सहभागी हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



बिहीबारदेखि हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा गण्डकी प्रदेशबाट ४३ हजार ३५५ विद्यार्थी सहभागी हुने भएका छन् ।

परीक्षाको सबै तयारी पुरा भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विकास महाशाखा, पोखराका प्रमुख दामोदर सुवेदीले जानकारी दिनुभयो । प्रदेशका ११ जिल्लाबाट नियमित, प्राविधिक तथा ग्रेड वृद्धि समूहका विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । जिल्लागत विवरणअनुसार प्रदेशमा सबैभन्दा बढी कास्कीमा १० हजार ८४३ विद्यार्थी सहभागी हुने उहाँले बताउनुभयो । तनहुँमा छ हजार १५५, नवलपुरमा छ हजार ७१२, स्याङ्जामा चार हजार २८८ र बागलुङमा चार हजार २३९ विद्यार्थी रहेका छन् । गोरखामा तीन हजार ७९७, लमजुङमा दुई हजार ८६२, पर्वतमा दुई हजार २१७ र म्याग्दीमा दुई हजार २२ विद्यार्थी सहभागी हुनेछन् ।

सबैभन्दा कम मनाङमा ३४ र मुस्ताङमा १८६ जना विद्यार्थी रहेको महाशाखाले जनाएको छ ।

परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखहरूलाई जिम्मेवारी दिइएको छ । प्रदेशभर १८७ वटा परीक्षा केन्द्र तोकिएको र सबै केन्द्रमा आवश्यक जनशक्ति व्यवस्थापन गरिसकिएको महाशाखाले जनाएको छ ।

## नयाँ जनादेशसहित बिहीबारदेखि संसद् अधिवेशन सुरु हुँदै

**रासस**
काठमाडौं, १८ चैत

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछिको पहिलो अधिवेशन बिहीबारदेखि सुरु हुँदैछ ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले करिब दुई तिहाइ बहुमत प्राप्त गरेपछि सुरु हुन लागेको यस अधिवेशनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा महत्वका साथ हेरिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन बिहीबार दिउँसो २:०० बजेका लागि आह्वान गर्नुभएको छ । प्रतिनिधिसभाको उक्त अधिवेशन सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा र राष्ट्रियसभाको बैठक सङ्घीय सचिवालयस्थित पूरानो भवनमा बस्नेछ । यो राष्ट्रियसभाको २० औँ अधिवेशन हो । विसं २०६४ मा ६०१ सदस्यीय संविधानसभा गठन भएपछि नयाँ बानेश्वर स्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन हुँदै आएको प्रतिनिधिसभाको अधिवेशन १८ वर्षपछि सिंहदरबारस्थित संसद् भवनमा बस्न लागेको हो । विसं २०१५ मा सम्पन्न पहिलो आमनिर्वाचनपछिका संसद् अधिवेशन सिंहदरबारस्थित पूरानो संसद् भवन (ग्यालरी बैठक)मा बस्दै आएको थियो ।

राष्ट्रपतिले प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ । निर्वाचन आयोगले यही चैत ५ गते 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ निर्वाचन परिणामसहितको प्रतिवेदन' राष्ट्रपति समक्ष बुझाएको थियो । निर्वाचनमार्फत जनताले रास्वपालाई मुलुकमा स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउन करिब दुई तिहाइको बहुमतसहितको जनादेश दिएका छन् । सङ्घीय संसद् सचिवालयले दुवै सदनको बैठक सञ्चालनका लागि भौतिक, सुरक्षा, प्राविधिक र जनशक्तिका हिसाबले सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । बैठकमा सदस्य बस्ने क्रमको निर्धारण विगतका परम्पराअनुरुप तय गरिएको छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधिसभामा सभामुखको आसनको अगाडि दाहिनेतर्फ सत्तापक्ष, बीचमा सरकार र बायाँरिर्फ प्रतिपक्ष रहने व्यवस्था मिलाइएको छ । उक्त व्यवस्थाअनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष दलको नेताको आसन नजिकै रहनेछ । लोकतान्त्रिक संसदीय अभ्यास अपनाएका मुलुकमा संसद्लाई प्रतिपक्षको सत्ताका रूपमा लिइन्छ । यसपटक संसद्मा विगतका अधिवेशनजस्तो नभई सत्तापक्षको लहरमा मन्त्रिपरिषद्का सदस्य र रास्वपाका सांसद तथा प्रतिपक्षतर्फ एक स्वतन्त्रसहित ९३ सांसद रहनुहुनेछ । जनताको प्रतिनिधिमूलक सर्वोच्च संस्थाका रूपमा संसद्लाई लिने गरिएको छ ।


सभामुख र उपसभामुख चयन आगामी अधिवेशनको 'विजनेस'

प्रतिनिधिसभाको पहिलो अधिवेशन भएकाले आगामी अधिवेशन सभामुख र उपसभामुख चयन मुख्य कार्यसूचीमा रहनेछ । प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभा सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुख निर्वाचन गर्ने संवैधानिक व्यवस्था छ ।

सभामुख र उपसभामुखमध्ये एक फरक दल र फरक लिङ्गको हुनुपर्ने व्यवस्था छ । प्रतिनिधिसभाको पहिलो बैठकमा सभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्यले सांसदलाई स्वागत गर्ने तथा अधिवेशन आह्वानसम्बन्धी विषयमा जानकारी दिने पहिलो कार्यसूची रहनेछ । सभामुख र उपसभामुखको निर्वाचनसम्बन्धी कार्यतालिका तथा अन्य कार्यसूची सर्वदलीय बैठकमा भएको सहमतिका आधारमा निर्धारण हुनेछ । संसद् सचिवालयले आज सर्वदलीय बैठक आयोजना गरेको छ । यस अधिवेशनमा सङ्घीयता कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने सङ्घीय निजामती ऐन, प्रहरी ऐन, विद्यालय शिक्षालगायत महत्वपूर्ण विधेयक प्रस्तुत गरी पारित गर्नुपर्ने दायित्व छ ।

यही चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा ४५ दिनभित्र सङ्घीय निजामती विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख छ । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीबाट १६५ तथा समानुपातिक निर्वाचन प्रणालीबाट ११० जना सदस्यको प्रतिनिधित्व हुन्छ । प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२, नेपाली कांग्रेसका ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २५, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का १७, श्रम संस्कृति पार्टीका सात, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पाँच र एक स्वतन्त्र सांसदको उपस्थिति रहेको छ । लैङ्गिक प्रतिनिधित्वका हिसाबले प्रतिनिधिसभामा १७९ पुरुष र ९६ जना महिला हुनुहुन्छ । राजनीतिमा पुस्तान्तरणको माग गर्दै गत भदौमा भएको जेनजी आन्दोलनको मर्म र भावनाअनुसार अहिलेको संसद्मा युवा सांसदको बाहुल्यता

बाँकी अन्तिम पृष्ठमा ▶▶

# सूचना उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्न निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

पोखरामा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका विषयमा अन्तरक्रिया सहित सूचना अधिकारी बैठक सम्पन्न भएको छ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा मंगलबार बसेको बैठकमा जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायका सूचना अधिकारीहरू, सञ्चारकर्मी तथा सूचना अभियन्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारीहरू चित्राङ्गत बराल र शिव लम्साल ले सूचनाको हक सम्बन्धी कानुनी व्यवस्थाबारे जानकारी गराउँदै प्रत्येक कार्यालयमा सूचना अधिकारी तोकी नागरिकलाई सूचना उपलब्ध गराउने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न आग्रह गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी शर्माले प्रचलित कानूनको अधीनमा रही माग भएका सूचनाहरू छिटो, छरितो र सहज रूपमा उपलब्ध गराउन निर्देशन दिनुभयो । साथै सूचना व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन संरक्षण, भण्डारण, वर्गीकरण, प्रकाशन तथा प्रसारणका कार्यहरूलाई सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो । बैठकले अघिल्लो निर्णयहरूको कार्यान्वयनको समीक्षा गर्दै विपद् व्यवस्थापन, आगलागी नियन्त्रण, वन डढेलो रोकथाम तथा मनसुनपूर्व तयारीका विषयमा विभिन्न निर्णयहरू गरेको छ । जोखिमयुक्त क्षेत्रहरूको पहिचान, पूर्वतयारी सुदृढीकरण, सम्बन्धित निकायबीच समन्वय र सहकार्य बढाउने लगायतका विषयमा समेत सहमति भएको छ । त्यसैगरी, सबै स्थानीय तहलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउन निर्देशन दिइएको छ । विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार सामग्री तयारी, तथा सरोकारवाला निकायबीच समन्वय मजबुत बनाउने निर्णय पनि बैठकले गरेको छ । बैठकले सूचनाको हकको प्रभावकारी कार्यान्वयनसँगै विपद् व्यवस्थापनलाई थप सुदृढ बनाउने दिशामा महत्वपूर्ण निष्कर्ष निकालेको छ।

# एमाले संसदीय दलको नेतामा थापा चयन

रासस
काठमाडौं, १८ चैत



नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको नेतामा रामबहादुर थापा 'बादल' चयन हुनुभएको छ।

एमालेको केन्द्रीय कार्यालय, ललितपुर च्यासलमा भएको बैठकपछि थापा निर्विरोध चयन हुनुभएको हो।

बैठकमा दलको नेताका लागि सांसद सुहाङ नेम्वाङले चाहना राखे पनि पछि निर्विरोधरूपमा थापा चयन हुनुभएको एमालेका सांसद ऐनबहादुर महरले जानकारी दिनुभयो । उपाध्यक्ष थापालाई सो पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत पदाधिकारीले बधाई दिनुभयो । यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले)को कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष रामबहादुर थापालाई प्रदान गरिएको छ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले थापालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गर्नुभएको केन्द्रीय सदस्य तथा सांसद ऐन महरले जानकारी दिनुभयो । बुधबार ललितपुर च्यासलस्थित एमाले केन्द्रीय कार्यालय बसेको संसदीय दलको संयुक्त बैठकमा पार्टी अध्यक्ष ओलीले उपाध्यक्ष थापालाई जिम्मेवारी तोकेको जानकारी गराइएको उहाँले बताउनुभयो ।

अध्यक्ष ओलीले आफू हिरासतबाट मुक्त नहुँदासम्मका लागि थापालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिनुभएको बैठकमा जानकारी गराइएको थियो ।

अध्यक्ष ओलीलाई जेनजी आन्दोलनको छानबिन गर्न गठित आयोगको सिफारिस कार्यान्वयनका सिलसिलामा गत शनिबार पक्राउ गरेको छ।

# एगा पोखराको अभिमुखीकरण तालिम

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत



इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकासँगको सहकार्यमा एगा सम्बद्ध व्यवसायीलाई अभिमुखीकरण तालिम प्रदान गरिएको छ।

तनहुँको भानु नगरपालिका वडा नं ९ चितिखोलास्थित ग्रिन हिमालय फार्म स्टेमा आयोजित अभिमुखीकरणमा ४० जनाको सहभागिता थियो ।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेलेपर्यटकहरूले हस्तनिर्मित सामाग्रीहरू उपहारका रुपमा लैजाने बताउँदै त्यस्ता समाग्री तयार गर्नेतर्फ जोड दिन आग्रह गर्नुभयो। पोखरा पर्यटनको राजधानी भएको बताउँदै उहाँले यहाँ आउने पर्यटकलाई लक्षित गरी समाग्रीहरू तयार गर्नेतर्फ ध्यान दिनुपर्ने धारणा राख्नुभयो।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले समाज प्रविधिमा फड्को मारिसकेको बताउँदै डिजिटल मार्केटिङमा जोड दिनुपर्ने बताउनुभयो । तालिमका सिकाइलाई व्यवहारमा उतार्न उहाँले आग्रह गर्नुभयो

एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले संस्थाका सदस्यहरूको क्षमता अभिबृद्धिमा सहयोग पुऱ्याउने लक्ष्यका साथ अभिमुखीकरण तालिम आयोजना गरिएको बताउनुभयो। अध्यक्ष लम्सालको सभापतित्व एवम् सचिव माया सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष गीता ढकाल पौडेलले गर्नुभएको थियो

कार्यक्रम संयोजक एवम् सहसचिव सुरेन्द्र पौडेलले कार्यक्रम माथि प्रकाश पार्नुभएको थियो । सहभागीलाई डिजिटर मार्केटिङ र ग्राहक पहिचान एवम् डिलिङ सम्बन्धमा पर्यटन विज्ञ दीपेन्द्र पहारी र तनाव व्यवस्थापन सम्बन्धमा सीता पौडेलले अभिमुखीकरण तालिम प्रदान गर्नुभएको थियो । कार्यक्रममा एगा पोखराका संस्थापक अध्यक्ष वेदप्रसाद पाण्डे, पूर्व अध्यक्षहरू चिरन्जिवी पोखरेल, कृष्णकुमार श्रेष्ठ, जीवनाथ गौतम, विश्वराज पोखरेल लगायतको सहभागिता थियो । कार्यक्रमका सहभागीले भानु नगरपालिका वडा नं ९ चितिखोलास्थित कडरिया एकिकृत कृषि फर्म, नक्षत्र बाटिका लगायतका स्थलहरूको अवलोकन गरेका थिए।

# हवाई इन्धनको मूल्य बढ्यो

रासस
काठमाडौं, १८ चैत

नेपाल आयल निगमले हवाई इन्धनको मूल्य वृद्धि गरेको छ।

निगम सञ्चालक समितिको बैठकले हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर रु एक सय २४ ले वृद्धि गरिएको छ। साविकमा प्रतिलिटर रु एक सय २७ रहेको आन्तरिकतर्फको हवाई इन्धन अब वृद्धिपछि प्रतिलिटर रु दुई सय ५१ पुगेको छ।

यस्तै, हवाई इन्धन अन्तर ष्ट्रियतर्फ प्रतिकिलोमिटर आठ सय १९ अमेरिकी डलर प्रतिकिलोलिटरले वृद्धि भएको छ । परिमार्जित मूल्य अनुसार काठमाडौंमा प्रतिलिकिलोटर नौ सय ६६ अमेरिकी डलर रहेकोमा बृद्धिपछि अब एक हजार सात सय ८५ अमेरिकी डलर पुगेको छ।

अर्को मूल्य समायोजन नगर्दासम्म पेट्रोल, डिजल, मट्टीतेल र खाना पकाउने एलपी ग्यासको भने साविककै मुद्रा मूल्य नै कायम राखिएको निगमले जनाएको छ।

# अवैध ढुंगा ओसारपसारमा संलग्न गाडी नियन्त्रणमा

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत

कास्की प्रहरीले अवैध रूपमा चोरी निकासी भइरहेको कटपिस ढुङ्गासहित दुई वटा बोलेरो जिप नियन्त्रणमा लिएको छ।

गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले पोखरा महानगरपालिका-१९ चितेपानीस्थित सडक खण्डबाट ती सवारी साधन पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार बुधबार चितेपानी क्षेत्रमा अवैध रूपमा ढुङ्गा ओसारपसार भइरहेको सूचना प्राप्त भएपछि विशेष टोली परिचालन गरिएको थियो । सोही क्रममा पोखरातर्फ आउँदै गरेका ग ३ च ४१६३ र ग २ च २५९ नम्बरका बोलेरो जिपलाई रोकेर जाँच गर्दा दुवै सवारीमा कटपिस ढुङ्गा लोड गरिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। प्रहरीले जाँचका क्रममा ढुङ्गाको स्रोत खुल्ने तथा ढुवानीका लागि आवश्यक पर्ने कुनै पनि आधिकारिक कागजात चालक वा सवारीधनीसँग नभेटिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार अवैध रूपमा ढुङ्गा चोरी निकासी भइरहेको पुष्टि भएपछि ती सवारी साधन नियन्त्रणमा लिइएको हो । उनले भने, "गोप्य सूचनाका आधारमा गरिएको चेकजाँचमा कागजातविहीन रूपमा ढुङ्गा ढुवानी भइरहेको पाइएपछि कारबाहीका लागि नियन्त्रणमा लिइएको हो ।" प्रहरीले नियन्त्रणमा लिएका दुवै बोलेरो जिप र त्यसमा रहेको ढुङ्गा थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि पोखरा महानगरपालिकाको कार्यालयमा पठाएको जनाएको छ।

## नयाँ जनादेशसहित..

देखिन्छ । राष्ट्रपति पौडेलले प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने संवैधानिक व्यवस्था छ।

संसद् र यसका मुख्यकार्य नेपालको संविधानले सङ्घीय संसद्का रूपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ । सङ्घीय सदनको तल्लो सदनलाई प्रतिनिधिसभा र माथिल्लो सदनलाई राष्ट्रियसभा भनिन्छ । सङ्घको अधिकार क्षेत्रका विषयमा कानुन निर्माण, सरकार गठन, सरकारका नीति तथा कार्यक्रम र बजेटमाथि छलफल र पारित, संविधान संशोधन र जनमत सङ्ग्रहको निर्णय, सरकारकाकामकारबाहीकोनिगरानी, निर्देशन र सुझाव प्रस्तुत तथा अन्तरराष्ट्रिय सन्धिसम्झौताको अनुमोदन सङ्घीय संसद्को मुख्यकार्य जिम्मेवारी हो ।

प्रतिनिधिसभा मातहत हाल विभिन्न १० वटा विषयगत समिति छन् । अर्थ, अन्तरराष्ट्रिय सम्बन्ध, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित, कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकृतिक स्रोत, महिला तथा सामाजिक, राज्यव्यवस्था तथा सुशासन, विकास तथा प्रविधि, शिक्षा तथा स्वास्थ्य र सार्वजनिक लेखा समिति प्रतिनिधिसभा मातहतका समिति हुन् । प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशनात्मक सिद्धान्त, नीति तथा दायित्व कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन समिति रहेका छन् । नयाँ निर्वाचनपछि गठन हुने सभाले संसद्को नियमावली संशोधन वा परिमार्जन र संसदीय समितिको सङ्ख्या हेरफेर गर्न सकिनेछ।

## एसइई ...

र प्राविधिक कारणले १५ दिनमा नतिजा सार्वजनिक गर्न नसकिने जानकारी गराउँदै एक महिनाभित्र प्रकाशित गर्ने तयारी भएको उहाँले जानकारी दिनुभयो। यसअघि बोर्डले ४५ दिनभित्र परीक्षाफल प्रकाशित गर्ने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा तालिका बुझाएको थियो । परीक्षा नियन्त्रक अधिकारीले विगतका वर्षहरूमा जस्तो परीक्षाफल प्रकाशन गर्न तीन महिना नलाग्ने र यसवर्ष एक महिनाभित्रै परीक्षाफल सार्वजनिक गर्ने गरि तयारी गरिएको जानकारी दिनुभयो । यसवर्ष परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका जाँच परीक्षा भएको विषयको सोही दिन परीक्षा केन्द्रमा परीक्षक र संपरीक्षकहरूले उत्तरपुस्तिका जाँच गरेर विद्यार्थीको लब्धाङ्क कपत्र शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गरिएको छ । शिक्षा विकास तथा समन्वय एकाइले तोकिएको समयमा लब्धाङ्क कपत्रहरू परीक्षा नियन्त्रण कार्यालय पठाउने व्यवस्था गरिएको छ।

# कांग्रेस पाँच सय सात जनाविरुद्ध उजुरी

रासस
काठमाडौं, १८ चैत

नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिमा ५०७ जनाविरुद्ध उजुरी परेको छ।

कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा आज पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अनुशासन उलङ्घन गर्ने पाँच सय सात जनाविरुद्ध अध्ययन गरी चाँडो टुङ्गोमा पुऱ्याउने निर्णय गरेको छ । बैठकमा निर्वाचनमा स्वतन्त्र उम्मेदवार भएका र प्रस्तावक समर्थक बसेका, निर्वाचनमा पार्टीका उम्मेदवारविरुद्ध प्रचारप्रसारमा प्रत्यक्ष सहभागी भएका, पार्टी उम्मेदवारका विरुद्ध अप्रत्यक्ष रूपमा विपक्षीलाई टेवा पुऱ्याएका, निर्वाचनमा कांग्रेसलाई मत नमागी 'साइलेन्स किलिङ'को काम गरेका र कांग्रेसबाट जनप्रतिनिधि निर्वाचित भई प्रतिनिधिसभाको निर्वाचनमा विपक्षीलाई सहयोग गरेका विरुद्ध छलफल भएको थियो। बैठकले छानविनबाट वर्गीकरण गरिएका उजुरीको हकमा अनुशासन उल्लङ्घन गरेको भनी आरोप लागेका व्यक्तिबाट सात दिनभित्र स्पष्टीकरण (सफाइ) माग गर्ने निर्णय गरेको समितिका सचिव दिनेश थापामगरले जानकारी दिनुभयो । यसैगरी, विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकाले सचेत गराएको छ।

आगामी दिनमा यस्ता गलत काम गर्ने जोकोही व्यक्तिउपर नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) र प्रचलित नेपाल कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णयसमेत बैठकले गरेको छ।

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।

◆सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
◆दैनिक शारीरिक व्यायाम गरौं,
◆स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
◆खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
◆नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
◆मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
◆सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
◆ नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# एसईईको परीक्षा सुधारको बाटोमा

माध्यमिक शिक्षा परीक्षा (एसइई) बिहीबारदेखि सुरु हुँदैछ। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का उपनियन्त्रक विष्णुप्रसाद ज्ञवालीले एसइई परीक्षाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुभ एका छन । उहाँले पच लाख १२ हजार ४७१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । एसइई परीक्षा बिहान ८ बजेदेखि सुरु हुनेछ। एसइई परीक्षाका लागि देशभरका एक हजार ९६५ वटा र जापानमा एउटा गरी कुल एक हजार नौ सय ६६ परीक्षा केन्द्र तोकिएको छ। सबैभन्दा बढी परीक्षार्थी काठमाडौंमा रहेका छन् भने सबैभन्दा कम मनाङमा छन् । काठमाडौंका एक सय ३५ वटा परीक्षा केन्द्रबाट ४१ हजार १५५ जना विद्यार्थीले परीक्षा दिँदैछन्। सबैभन्दा कम मनाङमा एउटा परीक्षा केन्द्रबाट ३७ जना विद्यार्थीले परीक्षा दिनेछन् । जापानमा रहेका केन्द्रबाट २३ जना विद्यार्थी सहभागी हुने छन् । ग्रेड वृद्धिका लागि ६५ हजार ८९५ जना विद्यार्थी परीक्षामा सहभागी हुने जानकारीमा असफल भएका विद्यार्थीलाई कम्तीमा तीन पटकसम्म परीक्षा दिने अवसर प्रदान गरिएको छ।

एक पटक परीक्षा दिएर सफल हुन नसकेका विद्यार्थीलाई कम्तिमा तीन पटक मौका दिने गरेकलो पटक पास नभएका विद्यार्थीलाई पूरक मौका दिइन्छ । पूरकका पनि पास नभएका विद्यार्थीले तीन पटक परीक्षा दिन पाउँछ। २०७९ सालमा नियमित समूहबाट परीक्षा दिएर अहिलेसम्म सफल नभएका विद्यार्थीलाई परीक्षा फारम भर्ने अवसर दिएका थियौं । त्यस्ता परीक्षर्ष ग्रेडवृद्धिका ६५ हजार ८९५ जना परीक्षार्थी परीक्षामा सहभागी हुँदैछन् । बोर्डका अनुसार यस वर्ष कोशी प्रदेशमा ८२ हजार ४८७, मधेसमा ९० हजार २४३, बागमतीमा एक लाख नौ हजार ५१३, गण्डकीमा ४३ हजार ९७२, लुम्बिनीमा ९१ हजार ८०२, कर्णालीमा ३९ हजार ७६९ र सुदूरपश्चिममा ५४ हजार ६३५ परीक्षार्थी सहभागी हुँदैछन् । एसइइ सकिएपछि सङ्कलित उत्तरपुस्तिका सोही परीक्षा केन्द्रको विद्यार्थी भएमा अरु परीक्षार्थीसँगै राखेर जाँच गरिनेछ भने फरक केन्द्रको भएमा छुट्टै प्याकिङ गरेर परीक्षा नियन्त्रण कार्यलय पठाउने व्यवस्था गरिएको छ। क्षमता तथा अपाङ्गता भएका विद्यार्थीलाई पनि उनीहरुको आवश्यकता अनुसारको व्यवस्थापन गरिएक छ।

अपाङ्गताको प्रकृतिअनुसार अतिरिक्त समय र लेखन सहयोगीको व्यवस्था गरिएकण्टाको परीक्षामा उनीहरूलाई थप एक घण्टा ३० मिनेट समय दिइनेछ । लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीलाई उपलब्ध गराइने छ। भने लेखन सहयोगी विद्यार्थीलाई विद्यालयले प्रमाणित गर्नुपर्ने र उनीहरुलाई छुट्टै कक्षाको व्यवस्था गर्नेगरी तयारी गरिएको छ । विद्यार्थीलाई परीक्षा केन्द्रमा समयमै उपस्थित हुन, प्रवेशपत्र, आवश्यक लेखन सामग्री साथमा ल्याउन तथा मोबाइल लगायत निषेधित सामग्री नल्याउन आग्रह गर्नुभएको छ। परीक्षा बिहान ८ बजेदेखि सुरु हुने भएकाले ढिलोमा साढे ७ बजेसम्म परीक्षा केन्द्रमा पुग्न र निर्धक्क भएर परीक्षा दिन आग्रह गर्नुभयो। यसवर्षको एसइई परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नेगरी तयारी गरेको छ। उपनियन्त्रक ज्ञवालीले सरकारले छिटो नतिजा प्रकाशन गर्न निर्देशन दिएकोले सोहीअनुसार तयारी गरिएको बताए। परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका जाँच गर्ने तयारी गरिएको छ। परीक्षा भएको विषयको सोही दिन परीक्षाकेन्द्रमा परीक्षक र संपरीक्षकले उत्तरपुस्तिका जाँच गरेर विद्यार्थीको लब्धांकपत्र शिक्षा विकास तथा समन्वय एकाईमा पठाउने व्यवस्था गरिएको छ। शिक्षा विकास तथा समन्वय एकाईले तोकिएको समयमा लब्धांकपत्र परीक्षा नियन्त्रण कार्यालय पठाउनेछ।

जस्तो परीक्षा सकिएपछि नजिता धेरै दुई, तीन महिना नै कुर्नुपर्दैन। अहिले सरकारले द्रुत गतिमा नतिजा प्रकाशन गर्ने भनेर हामीलाई निर्देशन प्राप्त भएको छ। हामीले कम्तीमा एक महिनाभित्रै नतिजा प्रकाशन गर्नेगरी तयारी गरेका छौं। अहिलेसम्मको मोडेल हेर्दा जहाँ जहाँ परीक्षा केन्द्र छ, त्यहीबाट जुन दिन परीक्षा भयो, सोही दिनबाट परीक्षक र संपरीक्षकलाई बोलाएर उत्तरपुस्तिका परीक्षण गर्ने र मार्क स्लिप सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय एकाइले मार्क स्लिप परीक्षा नियन्त्रण कार्यलय कक्षा १० मा तोकिएकोसमय भित्र पठाउनेगरि तयारी गरिएको छ। यसपाली कम्तीमा एक महिनाभित्रै नजिता प्राप्त हुनेछ। परीक्षा नियन्त्रण कार्यलयले यस वर्ष अनुगमनमा पनि कडाइ गर्ने जनाएको छ। यो सुधारको प्रयास हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङमा आजदेखि एचपिभी खोप कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ चैत

यहाँका पाँचवटै स्थानीय तहमा एक सय ९४ जना किशोरीलाई लक्षित गरी पाठेघरको मुखको क्यान्सर रोगविरुद्धको ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप अभियान सुरु गरिएको छ।

पाँच स्थानीय तहका १६ सामुदायिक र दुईवटा संस्थागत विद्यालयमा कक्षा ६ मा अध्ययनरत छात्रालाई पोठेघरको मुखको क्यान्सरविरुद्ध खोप लगाउन सुरु गरिएको हो।

साथै विद्यालय बाहिर रहेका १० वर्षमुनिका किशोरी तथा गत वर्ष एचपिभी खोप लगाउन छुटेका किशोरीलाई पनि खोप लगाइने प्रदेश स्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत विद्या तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ६ मा अध्ययनरत १६३ तथा १० वर्षमुनिका विद्यालय बाहिर रहेका तीन र गत वर्ष छुटेका २८ किशारीलाई क्यान्सर रोगविरुद्धको खोप लगाउने कार्यतालिका छ । खोप अभियानअन्तर्गत घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा आजदेखि खोप अभियान सञ्चालन भएको छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा यही चैत २२ र २३ गते, थासाङ गाउँपालिकामा चैत १९ गते र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा चैत २८ गते एचपिभी खोप कार्यक्रम सञ्चालन गर्ने कार्यतालिका रहेको स्वास्थ्य संयोजक कर्णबहादुर थकालीले जानकारी दिनुभयो।

# प्रि-मनसुनको महिना: औसतभन्दा बढी वर्षा

**रासस**
काठमाडौं, १८ चैत

प्रि-मनसुन अवधिमा हालसम्म देशभर औसतभन्दा बढी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार यस वर्ष पनि मङ्गलबारसम्मको अवधिमा हुनुपर्ने औसतभन्दा बढी वर्षा मापन भइसकेको छ।

"हालसम्म करिब २९ दशमलव पाँच प्रतिशत वर्षा भइसकेको छ । यस अवधिमा सामान्यतया २० प्रतिशत मात्र वर्षा हुने गर्दछ", उहाँले भन्नुभयो, "फागुन १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधिलाई प्रि-मनसुन मानिन्छ। यस समयमा करिब २२६ मिलीमिटर वर्षा हुनुपर्नेमा मङ्गलबारसम्म ७७ दशमलव पाँच मिलीमिटर वर्षा भइसकेको छ ।" जल तथा मौसम विज्ञान विभागका अनुसार हालको मौसम प्रणालीमा सामान्य बदली देखिएको छ । विभागले दिएको विवरणअनुसार मङ्गलबारको तुलनामा आज तापक्रममा वृद्धि भएको छ। राजधानी काठमाडौँसहित उपत्यकामा आज दिउँसोको अधिकतम तापक्रम २५ डिग्रीसेल्सियस पुगेको जनाउँदै महर्जनले सोही अवधिमा मङ्गलबार २२ डिग्रीसेल्सियस तपक्रम रहेको बताउनुभयो।

मौसमविद् महर्जनका अनुसार बिहीबारसम्म मौसम सामान्यतया सफा रहनेछ भने शुक्रबारदेखि फेरि वर्षा हुने सम्भावना छ। यसैबीच, विभागले मौसम परिवर्तनशील रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ।

# सेनाको स्वास्थ्य शिविरबाट पाँच सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दीं, १८ चैत

नेपाली सेनाको नयाँ रणभिम गुल्मअन्तर्गत रहेको दुर्लुङ्गथुम ब्यारेक, पर्वतको आयोजनामा आज जलजला गाउँपालिका-४, फड्केढुङ्गामा बृहत स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा ५३१ जना सर्वसाधारणले सेवा प्राप्त गरेका आयोजकले जनाएको छ । निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श र औषधि वितरणसम्बन्धी सेवा उपलब्ध गराइएको रणभिम गुल्मका गुल्मपति चीरञ्जीवी सुवेदीले जानकारी दिनुभयो । आठ जना चिकित्सकको टोलीले स्त्री तथा प्रसूति, हड्डी तथा जोर्नी, दन्त, छाला, नेत्र, उच्च रक्तचाप, मधुमेह, कान, नाक, घाँटी तथा आँखा र जनरलसम्बन्धी सेवा दिएको थियो । क्लिनिक नेपाल भरतपुर, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत, प्रादेशिक अस्पताल कुश्मा र जलजला गाउँपालिकाले शिविरमा वितरण गरिएको औषधिको व्यवस्था मिलाएको थियो । नागरिक-सैनिक सम्बध सुदृढीकरण गर्ने उद्देश्यले नियमित कार्यक्रमअनुसार स्वास्थ्य शिविर आयोजना गरिएको गुल्मपति सुवेदीले बताउनुभयो।

# चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक हुने

**रासस**
काठमाडौं, १८ चैत

निर्वाचन आयोगले यही चैत २२ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने भएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि उक्त कार्य स्थगन गरेको थियो।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्नसक्ने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएका नेपाली नागरिकको हकमा आयोगको आयोगको प्रणालीमार्फत अनलाइन फारम भरी आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण दिन प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्नेछ । मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइँको विवरण अद्यावधिक गर्नेलगायतका कामसमेत अनलाइन माध्यमबाट गर्न सकिने आयोगद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ।

# चैतेदसैँमा ३७ लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ चैत



चैतेदसैँको अवधिभर बागलुङ कालिका भगवती मन्दिरमा रु ३७ लाख भेटी सङ्कलन भएको छ। नवरात्रको अवधिभर रु ३७ लाख २५ हजार ५५५ रकम सङ्कलन भएको थियो। गतवर्षको तुलनामा यस वर्षको भेटी रु पाँच लाखले कमी आएको हो। गतवर्षको चैतेदसैँमा रु ४२ लाख भेटी सङ्कलन भएको थियो।

गण्डकी प्रदेशको प्रमुख सक्तिपिठ मध्येको एक ऐतिहासिक बागलुङ कालिका मन्दिरमा चैतेदसैँको अवसरमा यसवर्ष आएका सात लाखभन्दा बढी दर्शनार्थीहरूले उक्त रकम भेटी स्वरुप चढाएको कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार नवरात्रको पहिलो दिन चैत ५ गते रु एक लाख १७ हजार, चैत ६ गते रु एक लाख ५३ हजार, चैत ७ गते रु चार लाख ३८ हजार, चैत ८ गते रु एक लाख ७० हजार, चैत ९ गते रु एक लाख ७१ हजार तथा चैत १० गते रु चार लाख ९२ हजार सङ्कलन भएको थियो।

यस्तै चैत ११ गते रु तीन लाख, चैतेदसैँको मुख्य दिन चैत १२ गते रु १० लाख ४४ हजार सङ्कलन भएको अध्यक्ष खड्काले बताउनुभयो । नवमीको दिन रु चार लाख ८० हजार र दशमीको दिन रु तीन लाख ५५ हजार ७३५ सङ्कलन भएको छ।

"चैतेदसैँको मुख्य दिनमा सबैभन्दा धेरै भक्तजन र धेरै भेटी सङ्कलन भएको छ विगतका वर्षाहरूको तुलनामा यो वर्ष पाँच लाख मात्रै भेटीमा कमी आएको छ, वर्षाको कारणले केही भक्तजनमा कमी आएको थियो", अध्यक्ष खड्काले भन्नुभयो, "अष्टमीमा एकै दिन चार लाखभन्दा बढी भक्तजन आए, ट्राफिक व्यवस्थापनमा हम्मेहम्मे पर्‍यो ।" बागलुङ कालिका मन्दिरमा वडा दसैं र चैतेदसैं अनि शनिबार तथा मङ्गलबार विशेष पूजा हुन्छ । मन्दिरमा चढाइने अक्षता, बोका तथा कुखुराको टाउकोबाट कमाइ हुने गरेको छ । मन्दिरमा परेवा उडाउनेले तिर्ने शुल्क, विवाह र व्रतबन्ध शुल्क, मन्दिरमा आउने पण्डितले बुझाउने दस्तुरबाट आम्दानी जोडिने गरिएको अध्यक्ष खड्काले बताउनुभयो।

विसं १५९१ मा पर्वते राजा प्रतापीनारायण सिंह मल्लले पाल्पाका राजा मनिमुकुन्द सेनकी छोरीसँग विवाह गर्नुभएको थियो। विवाहमा राजकुमारीले आफूसँगै दाइजोको रुपमा ल्याएकी कालिका देवीको मूर्ति डोलामा बोकेर यही कालिका मन्दिर रहेको स्थानसम्म ल्याइएको थियो । राजकुमारी कालिका देवी भएको अनन्य भक्त हुनुहुन्थ्यो । त्यही कालिका देवीको मूर्ति अहिले कालिका मन्दिर रहेको स्थानमा ल्याएर बिसाइएको थियो।

# ढोरपाटनमा अझै नियन्त्रणमा आएन दादुरा सङ्क्रमण

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ चैत

बागलुङको ढोरपाटनमा दादुरा सङ्क्रमण अझै नियन्त्रणमा आउन सकेको छैन । गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा दादुरा सङ्क्रमण फैलिएको थियो।

फागुन २९ गतेदेखि चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि सङ्क्रमितको सङ्ख्यामा कमी आए पनि पूर्णरुपमा नियन्त्रणमा आउन भने सकेको छैन । विश्व स्वास्थ्य सङ्गठन, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरी खोप अभियान चलाएको थियो । खोप लगाएपछि दैनिक सङ्क्रमित हुनेको सङ्ख्या कम भए पनि पूर्णरुपमा नियन्त्रणमा आउन नसकेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार ढोरपाटनसँगै तमानखोला गाउँपालिकाका दुई शङ्कास्पद बिरामी रहेका उहाँको भनाइ छ। हालसम्म १३ जनामा सङ्क्रमण पुष्टि भएको शर्माले जानकारी दिनुभयो।

दादुराको लक्षण देखिएका ३३ जनाको नमूना सङ्कलन गरी काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको उहाँको भनाइ छ।

हालसम्म पाँच हजार ९३४ जना १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीलाईखोपलगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । हालसम्म २०५ शङ्कास्पद बिरामी छन्।

हाल चार बिरामी अस्पतालमा उपचाररत छन्। तमानखोलामा शङ्कास्पद बिरामी देखिएपछि पश्चिम बागलुङका चारवटै पालिकामा खोप लगाउने योजना रहेको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ।

# अन्तरपालिका भलिबलको उपाधि बौदीकालीलाई

**पोखरापत्र संवाददाता**
दमौल, १८ चैत

शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा आयोजितअन्तरपालिकाभलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौदीकाली गाउँपालिकाले जितेको छ।

पाँचौं शुक्लागण्डकी महोत्सवअन्तर्गत मङ्गलबार भएको खेलमा स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकालाई पराजित गर्दै बौदीकालीले उपाधि जितेको हो । प्रतियोगितामा बौदीकालीले अर्जुनचौपारीलाई ३-२ सेटले पराजित गरेको हो। अर्जुनचौपारी गाउँपालिकाले स्याङ्जाकै पुतलीबजार नगरपालिकालाई पराजित गर्दै फाइनल पुगेको थियो। नवलपुरको बौदीकाली गाउँपालिका तनहुँको शुक्लागण्डकी नगरपालिकालाई पराजित गर्दै फाइनल पुगेको थियो । तेस्रो स्थानका लागि भएको खेलमा स्याङ्जाको पुतलीबजार नगरपालिका विजयी भएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिकालाई पराजित गर्दै पुतलीबजार तृतीय भएको हो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो हुने समूहलाई क्रमशः रु दुई लाख, एक लाख ५० हजार, ५० हजार र चौथोलाई रु २५ हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

# एक वर्षभित्र सातै प्रदेशमा सीप मेला आयोजना गरिने

**रासस**
काठमाडौं, १८ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साहले आगामी एकवर्षभित्र मन्त्रालयमार्फत सातै प्रदेशमा सीप मेला आयोजना गरिने बताउनुभएको छ।

बुधबार मन्त्रालयमा पत्रकार भेटघाट आयोजना गरी उहाँले आफ्ना कार्ययोजनाबारे जानकारी गराउनुभएको थियो । जस अन्तर्गत केही समयमै जनकपुरबाट सीप मेला सुरुवात गरेर एक वर्षभित्र सातै प्रदेशमा आयोजना गर्ने जानकारी दिनुभएको हो।

मन्त्री साहका अनुसार दक्ष जनशक्तिले नै मुलुकको समृद्धिमा टेवा पुग्ने हुँदा स्वदेशमै रोजगार सिर्जना गर्ने मन्त्रालयको लक्ष्य छ। "दक्ष जनशक्ति उत्पादन गर्नु अहिलेको आवश्यकता छ, मेला सम्पन्न गर्न मन्त्रालयसँग स्रोत पर्याप्त छैन", उहाँले भन्नुभयो, "यद्यपि सिएसआर मोडलमा जाने छौं । प्राइभेट कम्पनी जोसँग सिएसआर फन्ड छ । उहाँहरुसँग सहकार्य गरेर काम गर्ने छौं।" त्यसैगरी मन्त्रालयले हालै पाँच वटा देशसँग श्रम सम्झौता थप गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो। उहाँले श्रमिकले सुरक्षित र व्यवस्थित कार्यस्थल पाए नपाएको बारेमा मन्त्रालयले अनुगमन गर्ने र श्रमशोषण देखिएमा कारबाहीको दायरामा ल्याउनेसमेत बताउनुभयो।

# प्रकृतिलाई खुसी बनाउन 'भूमे पूजा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ चैत

म्याग्दीका मगर समुदायमा प्रकृतिलाई खुसी बनाउन 'भूमे पूजा' को चलन छ । चैत महिनाको उजेली मङ्गलवारका दिन भूमे पूजा गर्ने प्रचलन छ । मङ्गलबार म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बाँदुक, बेग र अन्नपूर्ण गाउँपालिका-१ दोबामा भूमे पूजा गरिएको छ।

प्राकृतिक अनिष्टलाई पार लगाउन र प्रकृतिलाई खुसी बनाउनका लागि मगर समुदायले सांस्कृतिक उत्सवको रुपमा भूमे पूजालाई मनाउने गर्छन् । स्थानीयले अन्नबालीको उब्जनी राम्रो हुने र प्राकृतिक विपत्तिका घटना नहोस् भन्ने कामना गरी भूमे देवताको पूजाआजा गर्ने चलन रहेको रघुगङ्गा गाउँपालिका-१ तिप्ल्याङका बेगबहादुर पूर्जाले बताउनुभयो।

पृथ्वीको सबैभन्दा महत्वपूर्ण ठाउँ भूमि भएकाले भूमिको सम्मान र देवीदेवतालाई खुसी बनाउन परम्परागत रुपमा चल्दै आएका भूमे पूजालाई निरन्तरता दिने गरिएको पूर्जाको भनाइ छ। बाँदुकको भूमे थानमा भूमे पूजा गर्दै गर्नुभएका पूजाले भूमेप्रतिको गढेको आस्था र विश्वासले हरेक वर्ष यसको महत्व बढ्दै गएको बताउनुभयो । "पूर्खादेखि नै भूमे पूजालाई महत्व दिँदै आइएको छ, शुभकार्यदेखि गाह्रो अप्ठ्यारो पर्दा हामीले भूमेलाई नै सम्झने गर्छौं, हरेक वर्षको एक पटक जो जहाँ भए पनि भूमे पूजामा सामेल हुन गाउँ फर्कने चलन छ", पूर्जाले भन्नुभयो।

स्थानीयले आफ्नो मनोकांक्षा पूरा गराउन भूमेलाई सम्झिएर भाकल गर्ने र पूजाको दिनमा आफूले गरेको भाकलको बलिदिएर भूमे देवतालाई खुसी बनाउने गरिन्छ । सिङ्गो गाउँका स्थानीय धोजापतका र नौमती बाजाका साथमा हर्षोउल्लाहससहित भूमे थानमा पुगेर आआफ्नो संस्कार तथा परम्पराअनुसार पूजा गर्ने गरिन्छ । मगर समुदायमा भूमे पूजालाई अन्य चाडपर्वभन्दा बढी महत्व दिएर देशका विभिन्न ठाउँ तथा विदेशमा पुगेका गाउँ फर्कने चलन रहेको बेगका वडा अध्यक्ष विलबहादुर फगामीले बताउनुभयो। अध्यक्ष फगामीका अनुसार सांस्कृतिक उत्सवको रुपमा मनाइने भूमे पूजामा सहभागी हुन गाउँ फर्किएकाको जमघटले गाउँमा चहलपहल बढेको छ । मगर समुदायको बाहुल्य बसोबास रहेका ठाउँहरुमा चैतदेखि जेठसम्म उजेली मङ्गलबार पारेर फरकफरक दिन भूमे पूजा हुँदै आएको छ। म्याग्दीको दोबामा भूमे पूजालाई परम्पराको निरन्तरता र मौलिकताको जगेर्ना गर्ने गरी मनाउने गरिएको छ । भूमे पूजासँगै सोरठी, यानीमाया, भैचसाइलोलगायत पुराना भाकाहरु गुञ्जिने र पुख्यौंली नाचहरु प्रदर्शन हुने भएकाले भूमे पूजाले सांस्कृतिक महत्व बोकेको दोवामा रहेको हातेमालो आमा समूहका अध्यक्ष बोमाया गर्बुजाले बताउनुभयो।

हरेक गाउँमा भूमे पूर्जाको दोस्रो दिन पुख्यौंली संस्कृतिको प्रदर्शनसँगै महिलाहरुले जात्रा देखाउने चलन रहेको छ । भूमे देवतालाई कोदो र चामलको विधिपूर्वक तयार गरिएको जाँड र छ्याङ मुख्य प्रसादको रुपमा चढाउने गरिन्छ । भाकल गरेकाहरुले आफ्नो मनोकांक्षा पूरा भएमा ठाउँअनुसार कुखुरा, बोका, साँढ, राँगालगायतको बली दिने चलन रहेको छ। भूमे पूजाको अवसरमा अनौठा र मौलिक संस्कृतिको प्रस्तुती राख्ने भएकाले स्थानीयवासीका साथै आन्तरिक पर्यटकहरु भूमे पूजामा रमाउन पुग्ने गर्छन् । म्याग्दीको दग्नाम, दर्मिजा, चिमखोला, झिँ, पाखा पानीलगायतका ठाउँमा भूमे पूजालाई उत्सवको रुपमा मनाउने चलन छ।

# सूर्योदयको दृश्यावलोकन गर्न 'दर्मिजा भ्यू प्वाइन्ट'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ चैत



म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ स्थित ' दर्मिजा भ्यू प्वाइन्ट' पूर्वाधार र पर्यटकका पर्खाइमा रहेको छ।

'नागेदेवी' र 'बौसा हान्ने डाडा'का रुपमा परिचित यस क्षेत्रलाई दर्मिजा दृष्यावलोकन स्थलको रुपमा विकास गर्न दर्मिजाबासीले अग्रसरता देखाएका छन् । पूर्वाधार र प्रचारप्रसारको कमीले ओझेलमा परेका दर्मिजाको तातोपानी कुण्ड, जागा झरना, बौसा हान्ने डाडा र नागेदेवी थानलाई पर्यटकीय गन्तब्यको रुपमा विकास गराउन पहल थालिएको दर्मिजाका अगुवा बिप्रसाद पुनले जानकारी दिनुभयो । "हिमश्रृङखला, सूर्योदय, पहाडी भूगोलको मनमोहक दृष्यावलोकन गर्न सकिने दर्मिजा 'दर्मिजा भ्यू प्वाइन्ट' पूर्वाधार र प्रचारप्रसारको कामीले ओझेलमा परेको छ," उहँले भन्नुभयो "समुदाय स्तरबाट पूर्वाधार निर्माण र प्रवरद्धनको काम थालिएको दर्मिजा भ्यू पोइन्टको विकासका लागि गाउँपालिका, प्रदेश र संघीय सरकारबाट बजेट र योजना भित्र्याउन पहल भएको छ ।" दर्मिजा गाउँदेखि दुई घण्टाको उकालो बाटोको पैदलयात्रा गरेपछि पुगिने दर्मिजा 'दर्मिजा भ्यू प्वाइन्ट' बाट धौलागिरि, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छे, लमजुङ र मनास्लु हिमशृङ्खलाको मनमोहक दृष्यावलोकन गर्न सकिन्छ।

समुद्री सतहदेखि दुई हजार सात सय मिटर उचाईमा पहाडको टाकुरामा अवस्थित दर्मीजा 'दर्मिजा भ्यू प्वाइन्ट' वरपर घना जंगल छ । बसन्त ऋतुमा वनपाखामा लालीगुराँस फुल्दा वातावरण उमंग र रमणीय हुने स्थानीयबासी शिव पाइजाले अनुभव सुनाउनुभयो । म्याग्दी, बागलुङ, पर्वत जिल्लाका ग्रामिण वस्तिहरु अवलोकन गर्न पाइने यो ठाउँ बस्ति देखि टाढा र एकान्तमा अवस्थित छ । सहरबजारको कोलाहल, व्यस्त दैनिकी र प्रदुषणबाट टाढा भएर प्रकृतिसँग रमाउन चाहनेहरुका लागि दर्मिजा 'दर्मिजा भ्यू प्वाइन्ट' उपयुक्त गन्तब्य बन्न सक्छ। यहाँ स्थानीयबासीहरुले बैशाख महिनामा नागेदेवीको पुजा गर्दछन् । नागेदेवीको पूजाआजा गर्नाले मनोकांक्षा पूरा हुने र गाउँमा अनिष्ट नहुने जनविश्वास छ। नागेथान नजिकै दगनामका नक्कलबहादुर गर्बुजा र दर्मिजाका इन्दरबहादुर र नरबहादुर मगरले व्यक्तिगत लगानीमा आश्रयस्थल निर्माण गर्नुभएको छ । सोही स्थानका हिराबहादुर पुनका सहयोगमा खानेपानी ब्यवस्था गरिएको छ । हाल बेलायतमा रहेका पुनको सहयोगमा सार्वजनिक शौचालय पनि निर्माणको तयारी भएको छ । रघुगङ्गा गाउँपालिकाको चालु आर्थिक वर्षको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् दर्मिजादेखि जागा झरना जोड्ने पदमार्ग निर्माण भएको छ। जागा झरना हुदै दर्मिजा भ्यू पोइन्ट जान सकिन्छ । पदमार्ग निर्माणका लागि गाउँपालिको चालु आर्थिक वर्ष २०८२/०८३ मा तीन लाख रुपैंया बजेट बिनियोजन गरेको थियो। दर्मिजा गाउँमा घरवासको सुविधा छ। दर्मिजाको फेदिमा प्राकृतिक तातोपानीको कुण्ड रहेको छ।

# मादी गाउँपालिकाको पर्यटन प्रवर्द्धनबारे फोटो पत्रकारको अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १८ चैत



नेपाल फोटो पत्रकार संघ, कास्कीले मादी गाउँपालिका-३ याङ्जाकोटमा 'मादी गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा फोटो पत्रकार भूमिका' विषयक अन्तरक्रिया गरेको छ।

मादी गाउँपालिकाको सहयोगमा मंगलबार र बुधबार भएको कार्यक्रममा मादी गाउँपालिकाले सहयोग गरेको हो। कार्यक्रममा फोटोको माध्यमबाट कसरी ग्रामिण पर्यटन प्रवर्द्धन गर्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको थियो । मादी गाउँपालिकाका अध्यक्ष देवीजंग गुरुङले मादी गाउँपालिकाको प्रकृति र संस्कृति फोटो माध्यमबाट विश्वमाझ चिनिएको बताए । पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा समाचार र फोटोमा महत्वपूर्ण भूमिका रहेको उनले सुनाए । मादीको सम्पति भनेकै प्रकृति र संस्कृति भएकाले फोटो पत्रकारले तस्बिरका माध्यमबाट प्रचारप्रसार गर्न आवश्यक रहेको बताए। 'हामीसँग बेच्ने २ वटा चिज छ । एउटा प्रकृति अर्को संस्कृति हो। अनि अर्को भनेको कृषि पनि हो। त्यसैले माथिल्लो भेगमा पर्यटन र तल्लो भेगमा कृषि योग्य जमिनमा परिण गरेर प्रवर्द्धन गरिरहेका छौं,' उनले भने, 'माथिल्लो भेगको कोरी, क्हपुचे, क्रपुलगायत सिक्लेस, ताङतिङमा पर्यटकीय क्षेत्र हुन् । विस्तारै याङ्जाकोट, भाचोक, वार्चोकलगायत ठाउँमा होमस्टे विस्तार भइरहेको अवस्था छ।'

पालिकाले मादीको पर्यटनलाई कृषिलाई प्रवर्द्धन गरिरहँदा केही प्रचार भएपछि पनि फोटो पत्रकारहरुको क्यामेराले विश्वमाझ पुऱ्याउन सहयोग पुग्ने अध्यक्ष गुरुङले बताए। पछिल्लो समय ७० प्रतिशत जनसंख्या पोखरा, काठमाडौंसहित विदेशमा भएकाले केही समस्या हुने उनको आंकलन छ । 'मादीका क्षमतावान युवाहरु कम नै छ। त्यसैले हामीले दक्ष जनशक्तिलाई गाउँमै टिकाउन सहयोग गरिरहेका छौं,' उनले भने, 'कृषिमा अनुदानदेखि संस्कृति संरक्षणका लागि घाटु, कृष्णचरित्र, बालन नाच संरक्षणका लागि साथ दिइरहेका छौं।'

मादीको पर्यटन प्रवर्द्धनका लागि यो वर्ष १५ लाख रुपैयाँ बराबरको रकम ५०/५० को कार्यक्रममा सहायता दिइने गाउँपालिका अध्यक्ष गुरुङले जानकारी दिए । पालिकाको ५ सय ६३ वर्गकिलोमिटरको क्षेत्रफलमा ४ सय ६३ वर्गकिलोमिटर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा पर्ने भएकाले एक्यापसँग मिलेर पनि पर्यटन क्षेत्रको प्रवर्द्धन र स्थायी बसोबासका कार्यक्रम गरिरहेको उनले बताए । तर, माथिल्लो भेगमा बनाइएको होटल, चियाघर दर्तामा समस्या भएको उनको भनाइ थियो । मादी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न पालिकाले अझ नयाँ कार्यक्रम बनाउँदै जाने बताए । कोरी, क्हपुचे, क्रपुलगायत सिक्लेस, ताङतिङ जस्तै गरी अन्य पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि काम गरिरहेकाले त्यसमा फोटो पत्रकारको क्यामेरा र कलम अझै शसक्त हुने उनको भनाइ थियो । सिक्लेस, ताङतिङले आन्तरिक तथा बाह्य पर्यटक तथ्यांक राख्न सुरु गरिसकेकाले अन्य गाउँहरुले पनि त्यसको सुरुआत गर्नुपर्नेमा उनको जोड थियो । केही ठाउँ र गाउँहरु प्रचारप्रसारको पर्खाइमा रहेकाले पत्रकारको नजर पुग्नुपर्ने उनले बताए । 'फोटोले प्रचारप्रसार पुऱ्याउने महत्व, त्यसले हामीलाई बनाउने भावुकपना र गौरवगर्ने अवस्थाले फोटो पत्रकारिताको महत्व झल्काउँछ,' उनले भने।

नेपाल पत्रकार महासंघ, गण्डकीका अध्यक्ष रमेश पौडेलले सूचना प्रविधिको युगमा प्रचारप्रसारमा खेल्ने भूमिका अतुलनीय रहेको बताए। विशेष गरी ग्रामिण पर्यटन प्रवर्द्धनमा पत्रकारले सधैं सकरात्मक भूमिका खेलेकाले आगामी दिनमा यसलाई निरन्तरता दिन अति आवश्यक रहेको उनले सुनाए । मादीमा धेरै पर्यटकीय क्षेत्र भएकाले त्यसमा पत्रकारको ध्यान जाने उनले विश्वास दिलाए । कार्यक्रममा मादी गाउँपालिका-३ का अध्यक्ष विकास गुरुङले याङ्जाकोट गाउँ प्राकृतिक र सांस्कृतिक हिसाबमा महत्वपूर्ण रहेको बताए । याङ्जाकोटमा आन्तरिक पर्यटक बढेपनि बाह्य पर्यटक कम जाने भएकाले प्रचासप्रसारको आवश्यकता रहेको उनले सुनाए। यसमा फोटो र समाचारको महत्वपूर्ण भूमिका हुने भएकाले फोटो पत्रकारले आयोजना गरेको अन्तरक्रिया फलदायी हुने उनको विश्वास थियो।

याङ्जाकोट सामुदायिक होमस्टेका अध्यक्ष रोशन गुरुङले पाहुना सत्कारका लागि अहिले १० घर होमस्टे स्थापना गरिएको जानकारी दिए। २०६७ सालदेखि होमस्टे सञ्चालनमा आएदेखि गाउँ पुग्ने पर्यटकलाई सहज भइरहेको उनले बताए । यहाँ ढुंगाले छाएको घर, गाउँबाट देखिने हिमाल डाँडाकाडा, बीच गाउँमा रहेको ऐतिहासिक पोखरी, गुरुङ मन्दिर, कोट याङ्जाकोटको आकर्षण रहेको जानकारी दिए । गाउँ पुग्ने पाहुनालाई गाउँकै अर्ग्यानिक खानाको स्वाद पस्किने गरेको उनले बताए । कार्यक्रममा नेपाल फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष राम गुरुङले ग्रामिण पर्यटन प्रवर्द्धनमा संघले स्थापनाकाल देखि नै भूमिका खेल्दै आएकाले यसलाई निरन्तरता दिदैं जाने बताए । यसमा पालिका, वडा, स्थानीय समुदाय र फोटो पत्रकारको समन्वय अपरिहार्य रहेको उनको भनाइ थियो। संघकी सह-सचिव दुर्गा रानामगरले फोटो र पर्यटन एकअर्काको परिपुरक भएको बताइन् । सोही कारण मादीको पर्यटकीय गाउँ याङ्जाकोटमा अन्तरक्रिया आयोजना गरिएको उनको भनाइ थियो । संघकी उपाध्यक्ष राधिका कंडलले संयोजन गरेको अन्तरक्रिया कार्यक्रम पत्रकार, स्थानीय, जनप्रतिनिधिसहित ६० जनाको सहभागिता रहेको थियो।

# जलविद्युत् आयोजना प्रभावितको घरधुरी सर्वेक्षण गरिँदै

**पोखरापत्र संवाददाता**
दमौल, १८ चैत

यहाँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको मध्यवर्ती क्षेत्र (बफर जोन)का प्रभावित स्थानीयको घरधुरीको सर्वेक्षण गर्न थालिएको छ।

आयोजनाको मध्यवर्ती क्षेत्रका कारण स्थानीयवासी, जग्गाधनी तथा घरपरिवारमा पर्न सक्ने आर्थिक, सामाजिक र सांस्कृतिक प्रभाव पहिचान गर्ने उद्देश्यले घरधुरी सर्वेक्षण सुरु गरिएको हो । आयोजना प्रमुख श्यामजी भण्डारीले सामाजिक-आर्थिक सर्वेक्षण अन्तिम चरणमा पुगेको जनाउँदै सामाजिक प्रभाव मूल्याङ्कन, पुनर्स्थापना तथा आदिवासी जनजाति योजना अध्यावधिक प्रभावकारी रूपमा गर्नका लागि यो सर्वेक्षण गरिएको बताउनुभयो । आयोजना प्रमुख भण्डारीका अनुसार वाङटाङीटार, पल्टयाङ र जलविरे क्षेत्रका लक्षित दुई सय ६३ घरधुरीमध्ये एक सय ८६ परिवारको सर्वेक्षण गरिएको छ । उहाँले भन्नुभयो, "हामीले प्रभावित परिवारको सामाजिक-आर्थिक अवस्थाको वस्तुनिष्ठ विवरण सङ्कलन गरिरहेका छौँ । विशेषगरी जलाशय क्षेत्रका ऐलानी जग्गा भोगकर्ताको सर्वेक्षण आगामी महिनाभित्रै सम्पन्न गर्नेगरी तयारी थालेका छौँ।" आयोजना प्रमुख श्यामजी भण्डारीले जग्गाधनी पुर्जा भएका (बफर जोन)का एक सय ३१ परिवारमध्ये एक सय २५, ऐलानी जग्गा भोगकर्ता (बफर जोन)का ५७ मध्ये ४३, ऐलानी जग्गा भोगकर्ता (जलाशय क्षेत्र)का ३५ घरधुरीको सर्वेक्षण सकिएको जानकारी दिनुभयो । उहाँका अनुसार आयोजनाको मध्यवर्ती क्षेत्रअन्तर्गत भिमाद नगरपालिका-५ स्थित वाङटाङटारका समुदायसँग परामर्श बैठक गरिएको छ।

छलफलका क्रममा आयोजनाकातर्फबाट बफर जोनबाट प्रभावित हुने जग्गा तथा संरचनाको क्षतिको सूची, विस्तृत जाँच सर्वेक्षण, सामाजिक प्रभाव मूल्याङ्कन र पुनर्स्थापना तथा आदिवासी जनजातिसम्बन्धी योजना अद्यावधिक गर्नका लागि सञ्चालन भइरहेको सर्वेक्षणबारे जानकारी गराइएको थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, घट्टेकुलो मोरुवा सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः घट्टेकुलो मोरुवा सडक स्तरोन्नति
ठेगानाः पोखरा-१३
योजना सम्झौता मिति : २०८२/१०/१२ गते
योजना सुरु मितिः २०८२/१०/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ११,११,१११/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु. १,११,१११/-
उपभोक्ता समिति अध्यक्षः सोमनाथ सापकोटा
सम्पर्क नं.: ९८६९१४७६१५
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**घट्टेकुलो मोरुवा सडक स्तरोन्नति**
**उपभोक्ता समिति पोखरा-१३**

## लिक्वीडेटरको कार्यालयको सूचना

**श्री जिल्ला प्रशासन कार्यालय कास्कीमा सामाजिक गैह्र सरकारी संस्थाको रुपमा दर्ता कायम रहेको दर्ता नम्वर ४५३४ को श्री पदम बहादुर तथा कुलकुमारी गुरुङ स्मृति प्रतिष्ठानका सदस्यहरुको मिति २०८२।१२।१३ मा सम्पन्न विशेष साधरण सभाबाट बिशेष प्रस्ताव पारित गरी संस्थालाई स्वइच्छामा खारेज गर्ने निर्णय गरेकोले संस्था दर्ता ऐन २०३४ को दफा १४ अन्तर्गत रही संस्थाको स्वीकृत बिधानको दफा २९(ख) बमोजिम संस्था खारेजी प्रकृया शुरु गरिएको छ । तसर्थ उक्त संस्थासँग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाण सहित आजको मितिले १५ दिनभित्र दाबी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। संस्था दर्ता ऐन २०३४ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरी बाँकी जायजेथा नेपाल सरकारमा दाखिला गरिने हुनाले तोकिएको म्यादभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत यसै सूचन( द्वार सम्बन्धित सबैलाई सूचित गरिन्छ।**

**लिक्विडेटरः पदम बन्धु पोखरेल**
**पदम एण्ड एसोसियट्स**
**पोखरा महानगरपालिका वडा नं १७**
**यज्ञशालामार्ग बिरौटा, कास्की**
**फोन : ०६१-४५६९६१, मोबाईल : ९८५६०२८६१०**
**इमेल :** info@padamandassociates.com.np